नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्याः ०८२/०८३
चलानी नं.

मितिः २०८३/०२/२५
नेपाल संवत् ११४६

**विषयः असम्बन्धित व्यक्तिको प्रवेश निषेध सम्बन्धी सूचना।**

यस कार्यालयबाट सम्पादन गरिने कम्पनी स्थापना, प्रशासन तथा खारेजी सम्बन्धी कार्यलाई थप सहज, सरल, पारदर्शी, प्रविधिमैत्री तथा प्रभावकारी बनाउन **Company Administration and Management Information System (CAMIS)** विकास गरी कार्यान्वयनमा ल्याइएको व्यहोरा सर्वविदितै छ।

उक्त प्रणालीमार्फत कम्पनी प्रशासन सम्बन्धी अधिकांश सेवाहरू अनलाइन माध्यमबाट उपलब्ध गराइएको हुँदा सेवाग्राहीहरूलाई सनाखत र पूरानो प्रणालीको काम बाहेक कार्यालयमा भौतिक रूपमा उपस्थित हुनु आवश्यक पर्दैन। केही असम्बन्धित व्यक्तिहरू दैनिक रूपमा कार्यालयमा प्रवेश गरी कर्मचारीहरूसँग अनावश्यक सम्पर्क तथा समन्वय गर्ने गरेको पाइएको छ। यसबाट कर्मचारीहरूको नियमित कार्यसम्पादनमा अवरोध उत्पन्न हुनुका साथै कार्यालयले अवलम्बन गरेको **Faceless Service Delivery** प्रणालीको प्रभावकारी कार्यान्वयनमा समेत प्रतिकूल असर परेको देखिएको छ।

तसर्थ, सेवा प्रवाहलाई थप व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउन मिति २०८३/०२/२५ गतेदेखि लागू हुने गरी देहायबमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>देहायः</u>

१. असम्बन्धित व्यक्तिहरूलाई कार्यालय परिसर तथा कार्य कक्षभित्र प्रवेश गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

२. CAMIS प्रणालीमार्फत अनलाइन माध्यमबाट प्रवाह हुने कम्पनी प्रशासन सम्बन्धी सेवाका लागि सेवाग्राहीहरूलाई कार्यालयमा भौतिक रूपमा उपस्थित हुनु पर्दैन।

३. कम्पनी नाम दर्ता तथा कम्पनी दर्ता सम्बन्धी कार्यहरू एक (१) कार्यदिनभित्र, दर्ता पश्चातका कार्यहरू तीन (३) कार्यदिनभित्र तथा खारेजी सम्बन्धी कार्यहरू पाँच (५) कार्यदिनभित्र अनलाइन प्रणालीमार्फत सम्पन्न गर्ने व्यवस्था गरिएको छ।

रजिष्ट्रार

फोनः ०१-५३१५०७७ (रजिष्ट्रार), ५३५९९६१, ५३६७२५६ (सहायता कक्ष)
E-mail: info@ocr.gov.np, URL/Website: www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

४. अनलाइन प्रणालीबाट उपलब्ध नभएका सेवाहरूका लागि मात्र सम्बन्धित कम्पनीका सञ्चालक, अधिकारप्राप्त प्रतिनिधि वा सम्बन्धित व्यक्तिलाई कम्पनीको परिचयपत्र, नागरिकता वा आधिकारिक प्रतिनिधित्व पत्रका आधारमा कार्यालयमा प्रवेश गर्न अनुमति प्रदान गरिनेछ।

५. कार्यालयमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले सुरक्षा डेस्क वा सहायता कक्षमा आफ्नो विवरण अभिलेख राखुन पर्नेछ।

६. कार्यालयका कर्मचारीहरूले आफ्ना कार्यकक्षमा असम्बन्धित व्यक्तिहरूलाई प्रवेश गराउन वा अनावश्यक रूपमा बस्न दिन पाउने छैनन्।

७. नियमित रूपमा कार्यालयमा आउने तथा सेवासँग प्रत्यक्ष सम्बन्ध नराखे व्यक्तिहरूको विवरण अभिलेख गरी आवश्यकता अनुसार सम्बन्धित सुरक्षा निकाय वा प्रहरी कार्यालयमा जानकारी गराइनेछ।

८. रजिष्ट्रारबाट कार्यालयको स्थलगत निरीक्षण तथा सीसीटीभी प्रणालीमार्फत नियमित अनुगमन गरी असम्बन्धित व्यक्तिको प्रवेश तथा गतिविधिको निगरानी गरिनेछ।

९. अनुगमनका क्रममा कुनै कर्मचारीको कार्यकक्षमा असम्बन्धित व्यक्तिको प्रवेश भएको वा त्यस्तो प्रवेशमा कर्मचारीको संलग्नता देखिएमा सम्बन्धित कर्मचारी जवाफदेही हुनुपर्नेछ।

१०. कार्यालयमा असम्बन्धित व्यक्तिको प्रवेश नियन्त्रण तथा सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार प्रहरी कार्यालयसँग समन्वय गरी जनशक्ति परिचालन गरिनेछ।

११. सम्पूर्ण कर्मचारीहरूले कार्यालयमा सेवाग्राहीसँगको सम्पर्क तथा सेवा प्रवाहलाई निर्धारित प्रक्रिया र प्रणालीमार्फत मात्र सञ्चालन गरी Faceless Service Delivery अवधारणाको पूर्ण पालना गर्नुपर्नेछ।

१२. अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने क्रममा आवश्यक सहजीकरणका लागि सम्बन्धित शाखा/कर्मचारीको सम्पर्क विवरण यसैसाथ संलग्न गरिएको छ।

यस सूचनामा उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्याउनु हुन सम्पूर्ण कर्मचारी, सेवाग्राही तथा सरोकारवालाहरूमा अनुरोध छ।

२०८३/०२/२५
(कृष्ण कुमारी श्रेष्ठ)
रजिष्ट्रार

फोनः ०१-५३१५०७७ (रजिष्ट्रार), ५३५९९६१, ५३६७२५६ (सहायता कक्ष)
E-mail: info@ocr.gov.np, URL/Website: www.ocr.gov.np